'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

प.सं. २०८०/०८१ मितिः २०८०/०४/०९

च.नं. ......२६.........

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा
श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय, ने.वि.प्रा
श्री ईन्जिनियरिङ सेवा निर्देशनालय, ने.वि.प्रा
श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा
श्री अर्थ निर्देशनालय, ने.वि.प्रा
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय, ने.वि.प्रा
श्री कार्यकारी निर्देशकको सचिवालय, ने.वि.प्रा
श्री आन्तरिक लेखापरिक्षण विभाग, ने.वि.प्रा
श्री ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग, ने.वि.प्रा

विषय : वीमा सम्बन्धमा

नेपाल विद्युत प्राधिकरण र एनआईसी एसिया बैंक बीच मिति २०७९/०४/२९ मा भएको पेरोल व्यवस्थापन सम्बन्धी सम्झौतामा कर्मचारी र कर्मचारीका परिवारका थप ३ जना (६५ वर्ष भन्दा कम) खातावाला सदस्यको लागि देहायवमोजिमको सुविधा प्रदान गर्ने व्यवस्था भएको व्यहोरा अवगतै छ । उक्त सम्झौतामा सो सुविधा प्राप्त गर्नका लागि एनआईसी एसिया बैंकको शाखामा शुन्य मौज्दातमा खाता खोली कर्मचारीको खातासंग वन्डलिङ गर्नुपर्ने प्रावधान रहेकोमा हालसम्म अधिकांश कर्मचारीका परिवारले उक्त बैंकमा खाता नखोलेको कारणले सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभईरहेको बुझिएको छ । साथै एनआईसी एसिया बैंकमा खाता नखोलेका कर्मचारीका परिवारका सदस्यले सो सुविधा प्राप्त गर्न नसक्ने र सो बैंकबाट उपलब्ध हुने उल्लेखित सुविधाहरु प्राधिकरणबाट समेत उपलब्ध नहुने हुँदा तहाँ र अन्तर्गतका कार्यालय/आयोजनामा कार्यरत कर्मचारीका ३ जना परिवारका सदस्यहरुले यथासक्य छिटो वा बढीमा मिति २०८० श्रावण २० गतेभित्र खाता खोली उल्लेखित सुविधा प्राप्त गर्नु गराउनु हुन सूचित गरिन्छ ।

१. सामूहिक दुर्घटना वीमा :- (प्रति खातावाला सदस्य प्रतिवर्ष रु १० लाख सम्म)
२. कडारोग उपचार :- (प्रति खातावाला सदस्य रु १० लाख सम्म)
३. औषधी उपचार सुविधा :- (प्रति खातावाला सदस्य प्रतिवर्ष रु १ लाख सम्म)

कुलमान घिसिङ
कार्यकारी निर्देशक

बोधार्थ एवं कार्यार्थ :

श्री एनआईसी एसिया बैंक,
हेड अफिस ट्रेडटावर थापाथली । } तहाँसंग भएको सम्झौता बमोजिम प्राधिकरणका कर्मचारी तथा निजका परिवारलाई प्राथमिकताका साथ उल्लेखित सुविधाहरु सहज र सुलभ रुपमा उपलब्ध हुने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ ।